फेएट काउन्टी सार्वजनिक विद्यालयहरू

४

# परिवारहरूका लागि सिक्ने सुझाव

घरमा बच्चाहरूले के थाहा पाउनु पर्दछ र के गर्न सक्षम हुनुपर्छ र परिवारहरूले कसरी शिक्षामा वृद्धि गर्न सक्छन् भन्ने सारांश र तरिका।



"हामी विश्वास गर्छौं कि परिवारहरू हाम्रा साझेदार हुन्। तिनीहरू बच्चाहरूका पहिलो र शक्तिशाली शिक्षकहरू हुन्। हामीहरू सबै एकसाथ मिलेर विद्यार्थीहरूको सफलताको सुनिश्चित गर्नेछौं।"

- शुपरइन्टेनडेन्ट (अधीक्षक) ईम्यानुएल कक्, फेयेट काउन्टी सार्वजनिक विद्यालयहरू

## हाम्रो सिक्ने सुझाव बारे:

यो सुझावमा तपाईंको बच्चाले अंग्रेजी भाषा कला (ELA) र गणितमा विद्यालय वर्षकोअन्त सम्ममागर्न सक्ने र थाहा पाउन सक्ने केहि अत्यावश्यक कुराहरू गर्न सक्षम हुनुपर्छ। सिक्ने लक्ष्यहरूले शिक्षकहरू र परिवारहरूलाई कहिले विद्यार्थीहरूलाई अतिरिक्त समर्थन र कहिले उनीहरूलाई थप चुनौती दिनुपर्दछ।

## परिवारहरूले के गर्न सक्छन्?

तपाईंले आफ्नो बच्चाको सिक्ने कुरामा धेरै समर्थन गर्न सक्नुहुन्छ र उनीहरुको भविष्यको तयार गर्न मदत गर्न सक्नुहुन्छ। यहाँ विद्यार्थीहरूलाई सफल हुन मद्दत गर्ने केहि कुराहरूछन्:

१. आफ्नो बच्चासंग शिक्षा तपाईंको निम्ति कत्ति महत्त्वपूर्ण छ भन्ने कुराको सहभागी बनाउनुहोस्। तिनीहरूलाई भन्नुहोस् कि शिक्षा महत्वपूर्ण छ र यो सफलताको जग हो।
२. विद्यालयलाई प्राथमिकता दिएर हरेक दिन समयमा आफ्नो बच्चालाई बिद्यालयमा पुर्याउनुहोस्।
३. संभव भएसम्म अभिभावक-शिक्षक सम्मेलनहरूमा र विद्यालयका अन्य कार्यक्रमहरूमा उपस्थित हुनुहोस्।
४. बिद्यालयसंग पारस्परिकरूपले कार्य गरेर आपसी सम्मानको निर्माण गर्नुहोस् ।
५. स्वतन्त्रतालाई प्रोत्साहन दिनुहोस्; आफ्ना छोराछोरीलाई गल्ती गर्न अनुमति दिनुहोस् र आफ्नो विकल्पहरूको लागि जिम्मेवारी स्वीकार गर्न दिनुहोस्।
६. आफ्नो बच्चासंग बिद्यालयमा के भईरहेको छ भनेर छलफल गर्नुहोस्।
७. आफ्नो बच्चाले वर्षैभरि प्रगति गरि राखेको छ भनेर सुनिश्चित गर्न शिक्षकसंग लगातार सञ्चार गरिराख्नुहोस्।
८. तपाईंलाई आफ्नो बच्चाले के गरिरहेको छ भनेर थाहा पाउने अधिकार छ; तपाईंको यदि केहि प्रश्न छ भने उसको/उनको शिक्षक सम्पर्क गर्न नहिचकिचाउनुहोस्।

## तपाईंको बच्चाको शिक्षकसंग कुराकानी

तपाईंको बच्चाको शिक्षक र विद्यालयसंग उसको सिक्ने लक्ष्यको प्रगति बारे नियमित रूपले कुराकानी गर्न महत्त्वपूर्ण छ। यहाँ सोध्ने केही नमूना प्रश्नहरू:

- मेरो बच्चा कहाँ समर्थ छ र कहाँ उसलाई सुधार गर्न आवश्यकछ?
- मेरो बच्चाको प्रगति वर्षैभरि कसरी मापन भइरहेकोछ?
- के मेरो बच्चाको कक्षाको कार्यको उदाहरणहरू हेर्नसक्छु? के ती उदाहरणहरूले सिक्ने लक्ष्यहरू पूरा गरेका छन् कि छैनन्?
- के मेरो बच्चा क्रम स्तर (ग्रेड-स्तर) सिक्ने लक्ष्यहरू पूरा गर्ने पथमाछ? यदि छैन भने, विद्यालयले के समर्थनको प्रस्ताब राख्छ? मैले घरमा के गर्नसक्छु?
- के मेरो बच्चा सिक्ने अपेक्षा तिर वा माथि छ? यदि छ भने, बिद्यालयले अरु के प्रस्ताव दिन्छ? मैले घरमा के गर्नसक्छु?
- तपाईंले मेरो बच्चाको आइ ई पी (IEP) पढ्नुभयो? मेरो बच्चाको लागि के सुबिधाहरू तयार पारिएकोछ?
- मेरो बच्चा अंग्रेजी भाषाको शिक्षार्थी हो। मेरो बच्चाको भाषाको विकासको लागि बिद्यालयमा कसरी समर्थन गरिएकोछ?

# तपाईंको बच्चासंग कुरा

के यो परिचित आवाज जस्तो लाग्छ?

"आज बिद्यालय कस्तो थियो?"
"राम्रो" "तिमीले के गर्यौ?"
"केहि पनि होइन"

त्यो ठीक छ, सोधिरहनुस्!

जुन विद्यार्थीहरूका आमाबाबुहरूले तिनीहरूसंग विद्यालयको बारेमा कुरा गर्छन् तिनीहरूले बिद्यालयमा शैक्षिकरूपले राम्रो गर्छन्। यहाँ आफ्नो बच्चासंग संलग्न भएर उसको सफलताको समर्थन गर्ने केही तरिकाहो:

- बिद्यालयको बारेमा आफ्नो बच्चासंग कुरा गर्न हरेक दिन एक निर्दिष्ट समयको चयनगर्नुहोस्।
- तपाईंको बच्चालाई उनीहरुले आज सिकेको एउटा कुरा तपाईंलाई भन्न लगाउनुस। आफ्नो बच्चालाई सबै भन्दा रोचक के लाग्यो? के गाह्रोलाग्यो?
- तपाईंको बच्चाले बिद्यालयबाट घर ल्याउने कागजात र परियोजनाहरूको समीक्षा गर्नुहोस्। आफ्नो बच्चासंग सोध्नुहोस्: तिमीले कसरी थाहापायौ? तिम्रो के बिचारछ? तिमीले के देख्यौ? तिमीले किन यो तरिकाले गर्यौ? के यसको जवाफ पाउने अर्को तरीकाछ?
- तपाईंको बच्चाको मेहनत र प्रयासकोपनि प्रशंसा गर्नुहोस् केवल "सही जवाफको" लागि मात्र होइन।
- तपाईंको बच्चाले के सोचि रहेकोछ भन्ने बारे प्रश्नहरू सोध्नुहोस्:तिमीले कसरी थाहा पायौ? तिम्रो के बिचार छ? तिमीले के देख्यौ? तिमीले किन यो तरिकाले गर्यौ? के यसको जवाफ पाउने अर्को तरीकाछ?

# बिद्यालयबाट टाढा रहेर गरेको शिक्षा हाशिललाई समर्थन

विद्यार्थीहरूले विद्यालय छोडे पछि पनि शिक्षा हाशिल गर्ने कार्य रोक्नुपर्दैन। यहाँ तपाईंले कक्षा बाहिर रहेर शिक्षा हाशिलगर्नको निम्ति समर्थनगर्न सक्ने केही तरिकाहो:

- आफ्नो बच्चाकोलागी पढ्नुहोस्, आफ्नो बच्चासंग पढ्नुहोस्, र परिवारले आफूलाई सजिलो लाग्ने भाषामा पढ्ने समयलाई प्रोत्साहन गर्नुहोस्।
- नियमित रूपले गृहकार्य वा अन्य सिक्ने गतिविधिहरु गर्न आफ्नो बिद्यार्थीकोनिम्ति एक शान्त र आरामदायी ठाउँको व्यवस्था गर्नुहोस्।
- गृहकार्य वा अन्य सिक्ने गतिविधिहरु गर्नको लागि नियमित कार्यक्रमको स्थापना गर्ने प्रयास गर्नुहोस्।
- यो पुस्तिकालाई केहि सिक्ने लक्ष्य राखेर ध्यान केन्द्रित गर्न प्रयोग गर्नुहोस्, र केही सुझावहरू घरमा सिक्नको लागि प्रयास गर्नुहोस्।
- तपाईंको बच्चालाई उ/उनको रायको रक्षा गर्न तार्किक तर्क प्रयोग गर्नु पर्ने आवश्यकतालाई जनाउनुहोस्। उदाहरणको लागि, यदि तपाईंको बच्चालाई भत्तामा वृद्धि चाहन्छ भने उ/उनलाई भत्ता कसरी दिइन्छ त्यसको अनुसन्धानगर्न लगाउनु होस्। त्यसपछि तिनीहरूको भत्ता किन वृद्धि गर्नुपर्छ भन्ने कारण बताउन त्यो अनुसन्धानमा आधारित, विवरण र तथ्य प्रयोग गरेर उनीहरूको अनुरोधको समर्थनको गर्न लगाउनुहोस्।

- समाचारहरूकोबारे सँगै कुरा गर्नुहोस्। एउटा कथा छान्नुहोस्, तपाईंको बच्चासंग पढ्नु होस् र यसको के मतलब हो छलफल गर्नुहोस्।
- तपाईंको बच्चासंग उनीहरूको लक्ष्यहरूबारे कुरा गर्नुहोस्। तिनीहरूले उच्च माध्यामिक (बिद्यालय) पछि केगर्न चाहन्छन्? तिनीहरूले यसो भन्दै छन् सुन्नुहोस् र तिनीहरूको लक्ष्यमापुग्न सल्लाह दिएर मद्दत गर्नुहोस्।

# तपाईंको विद्यार्थीले अंग्रेजी भाषा कलाहरूमा (ELA) के थाहा पाउनु र गर्न सक्षम हुनुपर्छ:

## भाषा

- ☐ उ/उनले पढेको पुस्तक, कथा, वा लेखको समर्थन विवरण प्रयोग गरेर एक राय व्यक्तगर्ने।
- ☐ साधारण वाक्पद्घतिको (idioms) अर्थ ठम्याउनु (शब्दहरूको वास्तविक मतलब भन्दा अन्य विचार व्यक्त गर्ने वाक्यांश) जस्तै "बाल्टिनमा एक थोपा" वा "केक को एक टुक्रा"।
- ☐ अपरिचित शब्दहरूको अर्थको साधारण उपसर्ग ज्ञानको सुरुमा प्रयोग गरेर अन्दाज लगाउने (आंकडा लगाउने) [जस्तै डिई (-डि-) एक्स (एक्ष- ), र प्री (pre-)] र यस्तो शब्दहरूको अन्तमा प्रत्यय [(अर (-er ), ली (-ly ), र अस (-ous )]।
- ☐ छलफलमा प्रस्तुत सूचनालाई संक्षिप्त गरी प्रत्युत्तरदिने।

## पढ्ने (पढाइ) र साहित्य

- ☐ एक गैर-काल्पनिक पुस्तक वा लेखको कारण र प्रभावको भेद देखाउने।
- ☐ कथाहरू र नीतिकथाहरूको विषयवस्तुहरूको वा पाठलाई चिन्नु।
- ☐ कविताहरूमा तुक, ताल,आबृति, दुई भिन्नै बस्तुहरूको तुलना (similes), रूपकहरुको, र संवेदी तस्बीरहरूलाई चिन्ने।
- ☐ विभिन्न संस्कृतिको कथाहरू र पौराणिक कथाहरूको विचारहरू, चरित्रहरू, घटनाहरु र परिवेशहरूको तुलना गर्ने।

## लेखाई

- ☐ एक कथाको राय लेख्न उ/उनको बिस्तृत विचारलाई समर्थन गर्ने पाठको प्रयोग गर्ने।
- ☐ धैरे स्रोतहरूबाट सूचना (जानकारी) जम्मा गरी स्पष्ट संगठन प्रयोग गरेर लेखेको अनुसन्धानको उ/उनको आफ्नै शब्दमा एकसारांश लेख्ने।
- ☐ संवाद (कुरा) र चरित्र, र घटनाहरूको वर्णन समावेश गरी एउटा कथालेख्ने।



## घरमा ईएलए (ELA) प्रशिक्षणगर्न प्रोत्साहनदिने तरिकाहरू

- तपाईंको बच्चासंग वाकपद्धतिहरू (idioms) सङ्कलन गर्नु होस् जस्तै "चल्ला नजन्मुन्जेलसम्म कुखुराहरूको गणना नगर" र "बिरालोहरु र कुकुरहरूको बर्षात।"यी भनाईहरूको साँचोअर्थ केहो?
- तपाईंको बच्चासंग काल्पनिक कुराहरू (कथाहरू, लोककथाहरू, र दन्त्य कथाहरू), गैर काल्पनिक (लेखहरू, सूचनामूलक पुस्तकहरू), र कविताहरू पढ्नुहोस्। काल्पनिक कुरा (उपन्यास) पढ्दा विषयवस्तुहरू वा पाठहरूको बारे छलफल गर्नुहोस् र गैर-काल्पनिक पढ्दा प्रत्येकले के सिक्न भनेर कुरा गर्नु होस्। कविता पढ्दा कसरी कविहरूले शब्दहरूको प्रयोग गरेर कसरी चित्रहरूको सिर्जना गर्छन् भनेर छलफल गर्नुहोस्।
- तपाईंको बच्चाले विज्ञानमा के सिक्दैछ भनेर छलफल गर्नुहोस्। उ/उनलाई साँच्चै रुचि भएको चीजलाई चिन्नु होस्, जस्तै छलावरण लगान प्रयोग गर्ने जनावरहरू, र यसको बारे जानकारीलिन इन्टरनेटमा र पुस्तकालयमासंगै खोज्नुहोस्।

*कृपया तपाईंको बच्चाको शिक्षकसंग आफ्नो विद्यालयको विशिष्ट पढाइ र लेखन कार्यक्रमसंग सम्बन्धित घरमा सिक्ने स्रोतहरूको बारेमा सोध्नुहोस्।*

# तपाईंको विद्यार्थीले गणितमा के थाहा पाउनु पर्छ गर्न सक्षम हुनुपर्छः

- गुणन र भाग समस्याहरूको अर्थ लगाउने र तर्क कौशल, आधारभूत र विभिन्नउपकरण प्रयोग गरेर समाधान गर्ने (जस्तै श्रेणीको रूपमा-वस्तुहरूको प्रबन्ध मिलाउनु,चित्रहरू, वा स्तम्भहरू र पङ्क्तिहरू)।
- बहु-अंकको गुणन र विभाजन संख्या सरल अवस्थामा गर्ने।उदाहरणको लागि, गुणन 1.६३८ x ७ वा ६ द्वारा ६.९६६ विभाजन गर्ने।
- संख्या प्रणालीको १०,००० सम्म र त्यसपछिको ज्ञान निर्माणलाई जारी राख्ने।यस ज्ञानलाई जोड्दा, घटाउंदा, र जब ठूलो संख्याहरूलाई तुलना गर्दा प्रयोग गर्ने। संख्याहरूको भागहरु बुझ्ने जसले कति एकौं, दसौं, सयौं, आदि हुन्छ भनेर बताउंछ।
- विभिन्न आकारहरूको परिधि र क्षेत्रफल निर्धारण गरेर मापनको सही एकाइ उपयोग गरेर नामपत्र (label) लगाउने जस्तै फीट, वा वर्ग फिट।
- तत्त्वहरू एक सम्पूर्ण वा संग्रहहरूको भागहरू हुनसक्छ भनेर बुझ्ने।
- समान तत्त्वहरू बराबर हुन्छन् भनेर बुझ्ने र लागू गर्ने (एउटै मूल्य) । उदाहरणको लागि, १/४ चाहिं ३/८ भन्दा कम छ किनभने 2/८ (जुन १/४ को बराबरछ), ३/८ भन्दा कमछ।
- सरल दशमलवहरूलाई तत्त्वहरूको अनुसारबुझ्ने। उदाहरणको लागि: ६२/१०० लाई 0.६२ को रूपमा पुन: लेख्ने।
- कोणहरूको आकारको निर्धारण (९० डिग्री) समकोणसंग गर्ने । उदाहरणको लागि: एक ३० डिग्री कोण एक ९० डिग्री कोणको १/३ हो।
- तथ्यांकलाई सङ्कलन, प्रतिनिधित्व, विश्लेषण र व्याख्या गर्ने।



# घरमा गणित प्रशिक्षणगर्न प्रोत्साहन दिने तरीकाहरू

- गुणन समस्यासँगै समाधान गर्नु होस्। त्यो / त्यो कसरी समाधान गर्यौं भनेर तपाईंको बच्चासंग सोध्नुहोस्। तपाईंले कसरी यसलाई हल गर्नु भयो तुलनागर्नुहोस्। यसलाई समाधान गर्न यदि अर्को तरीका पनि छ भने के हुन्छ भनेर सोध्ने।अरु समस्याहरूलाई समाधान गर्न विभिन्न तरिकाहरूद्वारा प्रयास गर्नुहोस्।
- पत्रिकाहरू, समाचारपत्रहरू, र दैनिक वस्तुहरुमा आकारहरू हेर्नुहोस्।यो आकारको कोणहरू ९० डिग्रीकोण (समकोण), ९० डिग्री भन्दा कम (तीव्रकोण), वा ९० डिग्री भन्दा बढी (अधिककोण) हो कि भनेर छलफल गर्नुहोस्।
- तपाईंको बच्चालाई टेबलको, डेस्कको, वा तपाईंको घरको गलैंचाको क्षेत्रफल पत्ता लगाऊन दिनु होस्। नाप्नु (मापनगर्नु) अघि, तपाईंहरू प्रत्येकले यसको कति वर्ग एकाइहरु हुन सक्छन् भनेर भविष्यवाणी गर्ने र उत्तरसंग भविष्यवाणीलाई तुलना गर्न सक्नुहुन्छ।
- खाना पकाउंदा वा सेकदा, तपाईंको बच्चालाई सामाग्रीहरूको मापन गर्न लगाउनु होस् र अंशको नाम भन्न लगाउनु होस्।यदि पाक विधिलाई दोब्बर गर्नु पर्यो भने प्रत्येक सामग्रीको कति मात्रा आवश्यकता पर्दछ भनेर सोध्नुहोस्।
- लेक्सिंगटनमा सूर्य उदाउने वा अस्ताउने समयलाई देखाउँदै अखबार वा अनलाइन तथ्यांक प्रयोग गरेर एक रेखाचित्र बनाउनुहोस्।

*कृपया तपाईंको बच्चाको शिक्षकसंग सम्पर्क राखेर तपाईंको विद्यालयको विशिष्ट गणित कार्यक्रमसंग सम्बन्धित घरमा सिक्ने स्रोतहरू बारेमा सोध्नुहोस्।*

**फेएट काउन्टी सार्वजनिक विद्यालयहरू**
११२६ रसेल केभ रोड
लेक्जिङ्टन, के वाई ४०५०५

८५९.३८१.४१००
http://www.fcps.net

*यो पुस्तिका फेएट काउन्टी सार्वजनिक विद्यालयहरूद्वारा प्रकाशित भएको थियो।*

*बनाइएको (सिर्जना गरिएको) शिशिर (पतझड) २०१६*